# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ७) नवलपुर, सिन्धुपाल्चोक ,माघ ७ गते, २०८० साल (संख्या २

## भाग १

स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका

नवलपुर सिन्धुपाल्चोक ,बागमती प्रदेश ,नेपाल

# ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँपालिका गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

"ईन्द्रावती गाउँपालिकाको शिक्षा ऐन, (दोश्रो संशोधन २०८०"

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "ईन्द्रावती गाउँपालिकाको शिक्षा ऐन, (दोश्रो संशोधन २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ मुल ऐनको दफा २ को खण्ड (श) मा संशोधन : १ मुल ऐनको दफा २ को खण्ड( श) को परिभाष झिकिएको छ :

उपदफा १ को खण्ड (श) पछि देहायको खण्ड राखिएको छ ।

"श्रोत शिक्षक " *भन्नाले गाउँपालिका भित्रका आधारभूत तथा माध्यमिक विद्यालयमा शिक्षण सिकाइ सहजीकरण नमुना कक्षा प्रदर्शन तथा कक्षा अवलोकनमा सहभागि शिक्षकलाइ जनाउछ*

३ मुल ऐनको दफा २ को खण्ड (स) थप : १ मुल ऐनको दफा २ को खण्ड ( ष) पछि देहायको खण्ड ( स) थप गरिएको छ :

(स) "अभिभावक "*भन्नाले विद्यालयमा भर्ना भएका बालबालिकाको आमा वुवा ,बाजे बज्यै सम्झनु पर्दछ निजहरु नभएमा एका घरका दाजु भाउजु ,काकाकाकी, ठुलो वुवा ठुली आमा सम्झनु पर्दछ । साथै सो शब्दले निजहरु नभएमा उक्त बालबालिकालाई आफनो घरमा संरक्षण दिइ लालन पालन स्याहार सम्हार गरि विद्यालयमा भर्ना गराई पठनपाठनमा सहयोग गर्दै आएको व्यक्ति सम्झनु पर्दछ ।*

४) मुल ऐनको दफा दफा २३ पछि २ वटा दफा २४ र २४ भएकोले २४ लाई २३ (क) गर्ने २३ क). संशोधन गरि *श्रोत व्यक्तिको स्थानमा श्रोत शिक्षक भन्ने शब्द राखिएको ।*

५) दफा २४ को (ज) मा संसोधन गरि *गाउँपालिका शिक्षक महासंघ अध्यक्ष* राखिएको छ ।

६) दफा २५ क. थप गरि देहाय बमोजिम गरिएको : वडा शिक्षा समिति गठन सम्बन्धमा : १) प्रत्येक वडामा एक वडा शिक्षा समिति रहनेछ । वडा शिक्षा समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) सम्बन्धित वडाको वडाध्यक्ष अध्यक्ष

ख) सम्बन्धित वडा भित्रका सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा शिक्षा समितिको अध्यक्षले तोकेको एक जना सदस्य
सदस्य

ग) वडा भित्रका स्थानीय वुद्धिजीवी,समाजसेवी,शिक्षाप्रेमी मध्येबाट कम्तिमा एक जना महिला पर्नेगरी वडा समितिले मनोनित गरेका दुइ जना सदस्य सदस्य

घ) सम्बन्धित वडामा सञ्चालित सस्थागत विद्यालयका प्र अ मध्य बाट वडा शिक्षा समितिको अध्यक्षले तोकेको सदस्य एक जना सदस्य

ङ) सम्बन्धित वडाभित्रका उच्चतम तह सञ्चालन भएको विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

वडा शिक्षा समितिमा आवश्यकताका आधारमा अन्य व्यक्तीलाइ आमन्त्रण गर्न सकिनेछ ।

७) दफा २५ ख थप गरि देहाय बमोजिम गरिएको : २५ ख.वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार : १) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

*क) वडा भित्र सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने समन्वय तथा सहजीकरण गर्ने।*

*ख) वडा शिक्षा योजना निर्माण तथा कार्यान्वियन।*

*ग) विद्यालय सेवा क्षेत्र निर्धारण गर्ने ।*

*घ ) विद्यालयको अनुगमन तथा निरीक्षण गरि प्रतिवेदन गाउ शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने ।*

*ङ) विद्यलयमा भर्ना हुन नसकेका बालबालिकालाई विद्यालय भर्ना गराउने तथा गर्न सहयोग गर्ने ।*

*च) विद्यालयहरुमा प्राविधिक तथा सीपमूलक तालिम सञ्चालन गर्न सक्ने व्यवस्था गर्ने ।*

*छ ) गाउपालिका तथा शिक्षा समितिले तोकेको अन्य कार्य ।*

*ज) आवश्यकताका आधारमा वडा स्तरमा बालविकास केन्द्र स्थापना तथा व्यबस्थापन गर्ने ।*

८) दफा २६ को (घ) संसोधन गरि देहाय बमोजिम गरिएको *कम्तिमा २ जना महिला सहित समावेशीताका आधारमा दलित जनजाती समेत जम्मा ४ जना सदस्य*

*९) दफा २६ को* (छ) संसोधन गरि देहाय बमोजिम गरिएको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य मध्यबाट एक जना पदेन सदस्य तर निज सम्बन्धित वडा भित्रका विद्यालयको विव्यस अध्यक्ष हुन सक्नेछैन ।

१० ) दफा ३९ को छ मा थप गरि देहाय बमोजिम गरिएको : *छ) बालविकास सहजकर्ताको न्यूनतम योग्यता माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने।*

*तर यस अघि नियुक्त भइ कार्यरत रहेका बालविकास सहजकर्ताको हकमा सेवा निरन्तरताको लागि बाधा पर्ने छैन ।*

*११) मुल ऐनको दफा ५० को उपलफा १४ र १५ थप गरि देहाय बमोजिम गरिएको छ :* १४) दफा ५० को उपदफा २ र ११ र १२ मा जुनसुकै कुरा उल्लेख भएको भए पनि यो उपदफा लागु भए पछि सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गर्दा सम्बन्धित तहको स्थायी शिक्षक मध्येबाट प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी नियुक्ति गरिनेछ। सम्बन्धित तहको स्थायी शिक्षक उपलब्ध हुन नसकेमा सो भन्दा तल्लो तहको स्थायी शिक्षक बाट र सो पनि उपलब्ध हुन नसकेमा राहत करार शिक्षक मध्यबाट समेत नियुक्ती गर्न सकिनेछ । यसरी नियुक्त प्रधानाध्यापकको पदावधि बढीमा पाँच बर्षको हुनेछ ।यो दफा लागु हुदाँका बखत वाहालवाला प्रधानाध्यापको हकमा पदावधि चार बर्ष पुरा भैसकेको भए स्वतः पदावधी सकिएको मानिनेछ ।

१५) उपदफा १४ बमोजिम रिक्त भएका प्रधानाध्यापकको पदमा तुरुन्त तोकिए बमोजिम प्रतिस्पर्धाबाट प्र अ छनौटको लागि गाउँपालिकाले दरखास्त आव्हान गर्नु पर्नेछ।

*१२)* दफा ५४ को उपदफा १० पछि ११ र १२ थप गरि देहाय बमोजिम गरिएका :

*११) दफा ५४ को उपदफा १ मा जेसुकै कुरा उल्लेख भएता पनि गाउँपालिका स्तरमा अस्थायी करार शिक्षक प्रतिक्षा सूची प्रकाशन गर्ने प्रयोजनको लागि तपशिल बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।*

क) प्रमूख प्रशासकीय अधिकृत — अध्यक्ष

ख) गाउँपालिका शिक्षा समितिको अध्यक्षले तोकेको सम्वन्धित विषय विशेषज्ञ १ जना — सदस्य

ग) शिक्षा अधिकृत — सदस्य सचिव

*पदपुर्ती समितिले आवश्यक ठानेमा सम्बन्धित विषय विशेषज्ञ वा पदाधिकारीलाइ सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ ।*

*(क) गाउँपालिकाभित्र रिक्त रहेका आधारभूत तहका राहत करार, गाउँपालिका सेवा करार शिक्षक दरवन्दीमा अस्थायी करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनको लागि आवश्यक संख्या एकिन गरि शैक्षिक सत्र सुरु हुनु अगावै करार सूची तयार गर्ने प्रयोजनको लागि गाउँपालिका स्तरमा उपदफा ११ बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।यसरी कायम भएको करार प्रतिक्षा सुचिमा समावेश भएका उम्मेदवारलाइ रिक्त शिक्षक दरवन्दीका माथिल्लो योग्यताक्रमका आधारमा अस्थायी करार नियुक्ती प्रदान गरिनेछ ।*

*ख) आगामी शैक्षिक सत्रमा गाउँपालिका भित्रका सबै विद्यालयमा आधारभूत तहमा रित्त रहन सक्ने शिक्षकको अनुमान गरि शैक्षिक सत्र शुरु हुनु अगाबै प्रतिशप्रधात्मक परीक्षा सञ्चालन गरि अस्थायी करार शिक्षकहरुको प्रतिक्षा सूचि तयार गरि राख्ने ।*

*ग) यसरी कुनै कारणले विद्यालयमा शिक्षक पद रिक्त भए पश्चात प्रतिक्षा सूचिमा रहेका उम्मेदवार लाइ योग्यताक्रका आधारमा विद्यालयमा सिफारिस गर्ने ।*

*घ) सिफारिस गरिएको उम्मेदवार विद्यालयमा नगएमा त्यस्तो उम्मेदवारलाई प्रतिक्षा सूचि बाट नाम हटाइ लगत्तै त्यस पछिको उम्मेदवार लाइ सिफारिस गरिनेछ ।*

*ङ) सिफारिस गरिएको उममेदवार लाइ नियमानुसार नियुक्ती प्रदान गर्ने कर्तव्य प्र अ को हुनेछ ।*

*च) प्रतिक्षा सूचिको अवधि एक बर्ष हुनेछ ।*

*१२) करार शिक्षक छनौट परीक्षा सञ्चालन तथा व्यबस्थापन सम्बन्धि सम्पूर्ण खर्च व्यवस्थापन गाउँपालिकाको संचित कोषबाट व्यहोरिनेछ ।*

*१३) दफा ५७ को उपदफा १२ मा देहाय बमोजिम थप गरिएको :* (१२) *सामान्यतया एक विद्यालयमा कम्तिमा दुइ शैक्षिक सत्र कामकाज गरिसकेको शिक्षकलाइ विद्यालयको सहमती वा गाउँपालिकाको निर्णय अनुसार सम्बन्धित तह र विषय मिल्ने गरि गाउँपालिका भित्र रिक्त स्वीकृत दरवन्दीमा गाउँपालिकाले सरुवा गर्न सक्नेछ ।*

*१४) दफा १०१ को खण्ड (च ) देहाय बमोजिम थप गरिएको :* च) यस गाउँपालिका अर्न्तगतका निर्वाचित जनप्रतिनिधि ,कर्मचारी तथा सामुदायकि विद्यालयमा कार्यरत शिक्षक कर्मचारीले आफ्ना छोरा छोरीलाई सामुदायकि विद्यालयमा नै अध्ययन अध्यापन गराउन प्राथमिकता दिनु पर्नेछ ।

१५) मुल ऐनको दफा १०५ को सट्टा देहाय १०५ (क) कायम गरिएको छ ।

१०५ (क) यस ऐनको कार्यान्वयनको लागि ईन्द्रावती गाउँकार्यपालिकाले आवश्यकता बमोजिम निम्न कार्यविधि तथा निर्देशिका बनाइ लागु गर्न सक्नेछ ।

*क) नमुना विद्यालय सञ्चालन सम्बन्धी*

*ख) आवासिय विद्यालय सञ्चालन सम्बन्धी*

*ग) प्राविधिक विद्यालय सञ्चालन सम्बन्धी*

*घ) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी*

*ङ ) स्वच्छिक अवकास सम्बन्धि व्यबस्था*

*च) भौतिक मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी*

*छ) दफा ५० को उपदफा १४ र १५ को प्रतिस्पर्धाबाट प्र अ व्यबस्थापन तथा छनौट सम्बन्धी कार्याविधि*

*ज) करार शिक्षक, कर्मचारी, बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्र सहजकर्ता कल्याणकारी कोष सञ्चालन कार्यविधि*

*ञ) आवश्यकता बमोजिम अन्य कार्यविधि तथा निर्देशिकाहरु*

आज्ञाले
पुर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत